निर्णय नं.१ : नगराईन नगरपालिका आ.व.२०७९/०८० को वार्षिक नीति,योजना,कार्यक्रम,वजेट आर्थिक विधेयक २०७९, विनियोजन विधेयक २०७९, तथा नीतिगत निर्णयहरु नगर कार्यपालिकाको बैठकबाट निर्णय भई स्वीकृति, अनुमोदनको लागी प्रस्तुत देहाय बमोजिमको नीति, योजना, कार्यक्रम, वजेट आर्थिक विधेयक २०७९, विनियोजन विधेयक २०७९, लगायतका नीतिगत निर्णयहरु छलफल, अध्ययन, विशलेषण गर्दा आ.व.२०७९/०८० नीति, योजना, कार्यक्रम, वजेट, आर्थिक विधेयक २०७९, विनियोजनविधेयक २०७९, लगायतका नीतिगत निर्णयहरु छलफल, अध्ययन, विशलेषण गर्दा जनहित, समयसापेक्ष र विकासको अवधारणालाई मुर्तरुप दिन सक्ने अत्यन्त सान्दर्भिक रहेको ठहर गरी स्वीकृतिप्रदान गरी अनुमोदन गर्ने निर्णय गरियो ।

## आ. व. २०७९/८०को वार्षिक नीति कार्यक्रम

आदरणीय सभाध्यक्षज्यू, नगर कार्यपालिका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, कर्मचारीवर्गहरु तथा यहाँ उपस्थित एवंम अनुपस्थित सम्पुर्ण नगरवासी महानुभावहरु ।

नगराईन नगरपालिकाको नगर उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु। यस अवसरमा नेपाली जनताको स्वतन्त्रता, लोकतन्त्र, शान्ति र स्थायित्व प्राप्तिका लागि विभिन्न काल खण्डमा आफ्नो प्राण आहुती गर्नु हुने तथा राजनितिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नु भएका शहिद दुर्गा नन्द झा, शहिद डा. लक्ष्मीनारायण झा, शहिद रामचन्द्र लाल कर्ण र शहिद खगेश्वर ठाकुर लगायत सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु एवंम यहाँको माटोपानीवाट आफ्नो वैचारीक राजनिती गर्नु भएका आदरणीय राजनेताहरु स्व. महेन्द्र नारायण निधि र स्व. हरिदेव मण्डल प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै आगामी वर्षको बजेट तर्जुमा गर्दा, मैले नेपालको संविधान, स्थानीय तह संचालन ऐन २०७४ भएको व्यवस्था अनुसार, संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासका लक्ष्य, यस नगरपालिका द्वारा निर्माण गरिएका ऐन, कानून, कार्यविधिहरु, राजनैतिक दलका स्थानीय नेतृत्वका सुझाव एवंम सहमती, विगतको अनुभव, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, स्थानीय सामुदायिक संघ संस्था, बुद्धिजीवी, संचारकर्मी लगायत क्षेत्रहरु बाट प्राप्त राय, परामर्श लगायतका साथै अन्य क्षेत्रहरुवाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत समेटेर नगराईन नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित नगर सभामा प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ ।

आदरणीय सभाध्यक्ष महोदय,

अब म यस गरिमामय नवौ नगरसभा समक्ष आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## आ. व. २०७९/८०को वार्षिक कार्यक्रम

CamScanner

## १. सामाजिक विकास सम्बन्धी

### (क) जन-स्वास्थ्य

I. नगरपालिका स्तरीय स्वास्थ्य जाँच सम्वन्धि आधुनिक प्रयोगशाला (Pathology Laboratory) को स्थापना गरी संचालन गरिनेछ ।

II. यस नगरपालिका भित्रका ज्येष्ठ नागरिक, असहाय विधवा, एकल महिला, गर्भवती र अति विपन्न वर्गलाई प्रथम प्रेषण केन्द्र (अस्पताल) सम्म निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

III. स्वास्थ्य सेवाको पहुँच भन्दा वाहिर रहेका विपन्न, सिमान्तकृत, दलित लगायत पछाडि परेका समुदायहरु लाई सहज आपूर्ति सेवाको व्यवस्था गरिनेछ।

IV. औषधी अभाव हुन नदिन को लागि स्वास्थ्य चौकीहरु बाट उपलब्ध हुने औषधीहरु सेवाग्राहीलाई वर्ष भरी औषधी पाउन आवश्यक रकम विनियोजन गरिनेछ।

V. महिला दिदी, बहिनी तथा आमाहरुलाई पाठेघर, फिस्टुला जस्ता समस्याहरुले ग्रसित पारी दैनिक जिवन यापनमा पनि समस्या आउने र हाम्रो समाजमा त्यस्ता रोगहरु बाट धेरैनै आमा तथा दिदी बहिनीहरु पीडित भइरहेको हुनाले स्त्री रोग सम्बन्धी स्वास्थ्य सेवा संचालन गर्न आवश्यक पहल गरिनेछ।

VI. क्षयरोगको विरामीहरु छ महिना देखि आठ महिना सम्म दैनिक औषधी खानुपर्ने र दैनिक खान बिर्सेमा पुनः रोग बल्झिने सम्भावना रहेको हुनाले दैनिक औषधी खानु पर्छ भनी सम्झिनको लागि भित्ते कैलेण्डर तयार गरी वितरण गरिनेछ ।

VII. नगरपालिका भित्रका गर्भवती आमाहरु लाई "नगराईन सुरक्षित आमा कार्यक्रम" अन्तर्गत घोड्घास प्रसुति गृहमा अवरुद्ध सेवा पुनः सुचारु गरिनेछ साथै यहाँ प्रसुति सेवा लिन आउने गर्भवती आमाहरु तथा महिला स्वयम सेविकाहरु लाई ठुलो छाताको सुविधा प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ।

VIII. नगरपालिका स्तरीय १५ शैयाको आधारभूत स्वास्थ्य भवन निर्माणका लागि संघीय स्वास्थ्य मन्त्रालयबाट निर्देशन प्राप्त भई DPR रिपोर्ट समेत तयार भई संघीय सरकार समक्ष जानकारी पठाइसकेको र अस्पताल निर्माणको लागि नेपाल सरकारबाट उपलब्ध गराइने रकम मात्रले स्वीकृत डिजाइन बमोजिमको अस्पताल भवन निर्माण हुन नसक्ने भएमा नगरपालिकाबाट समेत थप रकम व्यवस्था गरी अस्पताल निर्माण कार्य अघि बढाइनेछ ।

IX. विपद्को समयमा सेवालाई प्रभावकारी वनाउन प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य क्लिनिकहरुमा आपतकालीन स्वास्थ्य सेवाको लागि औषधि उपचारको व्यवस्था मिलाइनेछ।

X. आम जनस्वास्थ्यलाई ध्यानमा राखी आयुर्वेद शिक्षा एवम् योग प्रशिक्षण सिविर संचालन गरिनेछ ।

XI. उप मेयर स्वास्थ्य सुरक्षा कार्याक्रम संचालन गरि सामुदायीक विद्यालयहरुमा अध्ययनरत उमेर पुगेका किशोरीहरुकालागि सेनेटरी पैड वितरण कार्यक्रम संचालन गरिनेछ ।

XII. बालवालिका, गर्भवती महिला तथा जेष्ठ नागरीकहरुका लागि घुमती स्वास्थ्य सिविरहरु संचालन गरिनेछ ।

विनय कुमार यादव
नगर प्रमुख

### (ख) शिक्षा, युवा तथा खेलकुद

CamScanner

I. विद्यालय वाहिर रहेका पठनपाठन उमेर समुहका बालबालिकाको तथ्यांङ्क यकिन गरी सम्पूर्ण जन प्रतिनिधि, कर्मचारी, शिक्षक, संघ संस्थाहरुको सहयोगमा बालबालिकाहरु लाई विद्यालय भर्ना गराई आफ्नो सेवा क्षेत्र भित्र विद्यालय वाहिर बालबालिका नरहेको अवस्था घोषणा गर्न विद्यालयलाई जिम्मेवार बनाइनेछ । यस्ता कार्यगर्ने विद्यालयलाई विद्यार्थी नियमितता र गुणस्तर सुधारका लागि थप एवंम आवश्यक सहयोग कार्यक्रम प्रदान गरिनेछ ।

II. आधारभूत शिक्षा लाई गुणस्तरीय बनाउन प्रथम चरणमा रा.नि.मा.वि. र गिरिजा.मा.वि. बाट शिक्षण प्रविधिको प्रयोग सहित अंग्रेजी माध्यममा पठन पाठन सुचारु गर्ने र यस्को प्रभावकारीताको अध्ययन गरी क्रमश नगर भित्रका अन्य विद्यालयहरुमा लागु गरिनेछ ।

III. विद्यालयहरुमा बालमैत्री वातावरण तयार गर्नका लागि आबश्यक भौतिक पूर्वाधार विकासका लागि **"विद्यालय सुधारका लागि सहयोग कार्यक्रम"** संचालन गरिनेछ।

IV. सम्पूर्ण सामुदायिक र नीजि विद्यालयहरुको लगत र अभिलेख अध्यावधिक गरी आगामी शैक्षिक सत्र भित्र विद्यालयहरुमा खानेपानी, शौचालय, विद्युत, घेरावेरा, कक्षाकोठा लगायतको भौतिक, शैक्षिक, व्यवस्थापकीय न्यूनतम पूर्वाधार पुरा गरिनेछ।

V. नगरभित्रका सवै शिक्षण संस्थाको नक्साङ्कन गरी जनसंख्या, भौगोलिक अवस्था, विद्यालय विचको दुरी र समुदायको आवश्यकताका आधारमा शैक्षिक संस्था खोल्ने, गाभ्ने, बन्द, स्थानान्तरण गर्ने र शिक्षक, विद्यार्थी, भौतिक पूर्वाधारको पर्याप्तता सहित शिक्षण सस्था सञ्चालन हुन सक्ने व्यवस्था गरिनेछ।

VI. सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या, कक्षा संख्या र विषयगत आधारमा शिक्षक पदपूर्ती तथा दरवन्दी मिलान गर्दै नगरपालिका भित्रका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गरिनेछ।

VII. अगुवा सामुदायिक विद्यालय छनौट गरी नमूना विद्यालयको रुपमा विकास गर्न आवश्यक सहयोग गरिनेछ। नमूना विद्यालयको मापदण्ड पुरा गर्न सफल सामुदायिक विद्यालय छनौट गरी नमूना विद्यालय घोषणा गरिनेछ।

VIII. नीजि विद्यालयको वर्गीकरण गरी व्यवहारिक र वैज्ञानिक शूल्क प्रणाली लागु गर्दै बालबालिका र अभिभावक मैत्रीपूर्ण वातावरण निर्माण गर्ने र कानुन बमोजिम नगरपालिकाले छनौट गरेका गरिब तथा जेहन्दार विद्यार्थीहरुलाई नीजि विद्यालयहरुले नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था गरिनेछ।

IX. नगरपालिकाको शिक्षा सम्बन्धि जिम्मेवारी र कार्यबोझ बमोजिम स्रोत साधन र जनशक्तिको व्यवस्था गरिनेछ।

X. प्रत्येक शैक्षिक संस्थामा वार्षिक बजेट तथा कार्यक्रम निर्माण तथा पारित गर्ने, पारदर्शी खर्च तथा लेखा व्यवस्था, सामाजिक परीक्षण, वार्षिक लेखा परिक्षण गराई अभिभावक भेलाबाट अनुमोदन गर्नुपर्ने व्यवस्था गरिनेछ।

XI. नगरको सामुदायिक शिक्षाको गुणस्तर अभिवृद्धिका लागि नगर शिक्षा गुरु योजना सम्बन्धी कार्यलाई प्राथमिकता दिइनेछ ।

XII. नगरपालिका भित्रका प्रत्येक वडामा बाल ई-पुस्तकालय (E-Library), पुस्तकालय, खेल मैदान, बालक्रिडा तथा सिकाई केन्द्र (Children park) को सञ्चालन गर्न तयारी गरिनेछ। नगरभित्र राष्ट्रिय खेलकुद परिषदसंगको सहकार्य अन्तर्गत कम्तीमा एक खेलकुद सम्बन्धी एकेडेमी संचालन गरिनेछ ।

विजय कुमार यादव
नगर प्रमुख

CamScanner

XIII. प्रत्येक वडामा युवा क्लब गठन गरी नगर स्तरीय युवा सञ्जाल बनाई युवाहरुको व्यक्तित्व, नेतृत्व र उद्यमशिलता सहितको सीप विकासबाट सामाजिक विकासको अभियानमा सकारात्मकताको प्रवेश गराइनेछ साथै यसैको माध्यमले नगर भित्र गाजा र गोटीको नियन्त्र गरिनेछ ।

XIV. युवा तथा विद्यार्थीहरुका लागि शिक्षा, तालिम, उद्यमशिलता, खेलकूद तथा मनोरञ्जनका अवसरहरुको सृजनामा जोड दिईनेछ।

XV. विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरुको प्रयोग गरी पठन पाठन सुचारु गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ।

XVI. सामाजिक दूरी कायम गरी विद्यालय संचालन गर्न नेपाल सरकारबाट तोकिए बमोजिम निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठन पाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ।

XVII. समग्र खेलकुद क्षेत्रको विकास र विस्तारका लागि नगरपालिका स्तरीय खेलकुद विकास समिति गठन गर्न स्थानीय कानून निर्माण प्रक्रिया अगाडि बढाइनेछ । विभिन्न संघ संस्थाको आयोजनामा संचालन हुने खेलकुद सम्बन्धी गतिविधिमा नगरपालिकाको तर्फबाट आवश्यक सहयोग गरिने व्यवस्था मिलाइनेछ ।

XVIII. जेहेन्दार एवम् गरीब विद्यार्थी सहायता कोष खडा गरिनेछ र उक्त कोष संचालनकालागि कार्यपालिकाले आवश्यक कार्यविधि निर्माण गर्नेछ ।

XIX. किशोरीहरुको लागि आत्म रक्षा कार्यक्रम संचालन गर्ने ।

## (ग) खानेपानी तथा सरसफाई

I. नगरवासी लाई स्वच्छ, सफा खानेपानी व्यवस्थापनको लागि आवश्यक योजना बनाई स्वच्छ नगर निर्माणका गतिविधि सम्बन्धी आवश्यक कार्य गरिनेछ।

II. ट्यूवेल बाट पानी उपयोग गर्ने उपभोक्ताहरुको पानीको श्रोत, आइरन, आर्सेनिक लगायतका रासायनिक पदार्थहरुको परीक्षणको व्यवस्थापन गरिनेछ।

III. फोहोर व्यवस्थापनको लागि सार्वजनिक स्थानहरुमा कचरा-कुडा बक्सको व्यवस्था गरिनेछ।

IV. नगरको सरसफाई तथा फोहोर मैला व्यवस्थापनको लागि खानेपानी तथा सरसफाई गुरु योजना, जैविक फोहरलाई कम्पोष्ट मल बनाउने तरिका तथा ल्याण्डफिल साइट व्यवस्थापन सम्भाव्यता अध्ययन लगायतका कार्य गरिनेछ ।

V. खानेपानी तथा सरसफाईको कठिनता मापन गरी खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु संचालन गरिनुका साथै नगरक्षेत्र खुलादिशा मुक्त भईसकेको हुँदा पूर्ण सरसफाई सम्बन्धी कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।

VI. स्वच्छ खानेपानी वितरणको लागि नगरका वासिन्दालाई खानेपानी ह्याण्डपाईप जडान तथा वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

## (घ) समाजिक सुरक्षा, सशक्तिकरण एवम् संस्कृती संरक्षण

विजय कुमार यादव
नगर प्रमुख

I. जातीय, भाषिक, सांस्कृतिक, धार्मिक विविधताले युक्त नगरपालिकाका विभिन्न क्षेत्रमा बसोबास गर्ने सबै समुदायहरुमा क्रमिक विकास र समान सहभागिता लाई बढावा दिदै छुवाछुत, भेदभावमुक्त, पारस्परिक सदाशयता तथा एकता बद्ध समाज निर्माण गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।

II. महिलाहरुलाई सशक्तिकरण कार्यक्रम अन्तर्गत दिगो आय आर्जन तथा उद्यमशिलता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

III. नगरक्षेत्र भित्रका भिन्न शारीरिक क्षमता भएका व्यक्तिहरु, एकल महिला, दलित जेष्ठ नागरिक, बालवालिका पोषण जस्ता भत्ता लाई सहज ढंगले वितरण गर्ने थप व्यवस्था मिलाइनेछ।

IV. महिला माथि हुने बहुविवाह तथा बाल विवाह लगायत सबै प्रकारका हिंसाको अन्त्य गर्न जन चेतनाको साथै आयमूलक सिपमुलक, उत्पादनमूलक कार्यक्रमहरु संचालन गरी क्षमता र सीपको समेत विकास गर्दै लैजाने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

V. महिला, एकल महिला, बालबालिका, आदिवासी/जनजाती, दलित, मधेशी मुस्लिम, पिछडावर्ग , सिमान्तकृत, भिन्न शारीरिक क्षमता भएका व्यक्तिहरु, यूवा सशक्तिकरण, ज्येष्ठ नागरिक तथा समाजका अन्य विपन्नवर्गहरु लाई प्रत्यक्ष फाइदा पुग्ने सीप विकास, क्षमता विकास र सशक्तिकरण कार्यक्रमहरु संचालनमा जोड दिइनेछ ।

VI. सामाजिक विकास सँग सम्बन्धित पूर्वाधार विकास बाहेकका कार्यक्रमहरुको कार्यान्वयन प्रकृयालाई संघ/संस्थाहरुको समेत साझेदारीमा संचालन गरिने र अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाईनेछ।

VII. भाषा, कला, साहित्य संस्कृतिको जगेर्ना गर्ने कार्यक्रमहरु लाई प्रोत्साहन सहित बजेटको व्यवस्थापन गरिनेछ ।

VIII. बालश्रम उन्मुलन तथा बाल अधिकार सँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रम संचालन गरिनेछ । ज्येष्ठ नागरिकहरुले समाजमा पुर्याएको अतुलनीय योगदानको कदर गर्दै ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम संचालन गरिनेछ।

IX. व्यक्तिगत घटना दर्ता प्रणाली लाई थप व्यवस्थित र प्रभावकारी बनाउन पुराना अभिलेखहरु लाई अभियानका रुपमा कम्प्युटर प्रणालीमा आवद्धगरी रेकर्डलाई अद्यावधिक गर्दै लैजाने नीति अबलम्बन गरिनेछ ।

X. ज्येष्ठ नागरिक परिचय पत्र वितरणको अभिलेख प्रक्रिया लाई थप प्रभावकारी र व्यवस्थित गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाउदै लैजाने नीति अबलम्बन गरिनेछ । भिन्न शारीरिक क्षमता भएका व्यक्तिहरुको परिचय पत्र लाई घरघर मै वितरण गरिने व्यवस्था गरिनेछ ।

XI. विभिन्न जातजातीहरुको भाषा, कला, साहित्य, संगीत र सांस्कृतिको संरक्षण र विकास गर्न भाषा, वर्ण र लिपिको अनुसन्धानात्मक क्रियाकलापलाई निरन्तरता दिईनेछ ।

XII. सांस्कृतिक, धार्मिक क्षेत्रहरुको पहिचान गर्दै त्यसको संरक्षण तथा प्रवर्द्धन गरी यस नगरपालिकालाई पर्यटकीय गन्तव्य स्थलकोरुपमा विकास गरिनेछ । यसका लागि आवश्यकता पहिचान गरी पर्यटकीय स्थलकोरुपमा विकास गर्न उक्त स्थानको DPR समेत तयार गरी प्रदेश तथा संघीय सरकारका निकायहरु संग कार्यक्रम तथा योजनाहरु माँग गर्न आवश्यक प्रयत्न गरिनेछ ।

XIII. सार्वजनिक स्थलहरुको पहिचान गरी उक्त स्थानहरुमा आवश्यक सार्वजनिक पार्कहरु निर्माण गरिनेछ।

XIV. नगर भित्र दर्ता भएका सामुदायिक संस्था र सहकारी संस्थाको दर्ता, खारेजी र बिघटन कार्यविधि अनुसार नियमन गरी व्यवस्थित बनाईनेछ ।

बिनय कुमार शाक्य
नगर प्रमुख

XV. महिला, गरिब, सिमान्तकृत, भिन्न शारीरिक क्षमता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको वर्ग र श्रमिकहरुको साथै आम नागरिकको जीवन स्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृधि गर्न प्रोत्साहित गरिनेछ ।

XVI. नगर क्षेत्रभित्र सामाजिक न्याय र सुशासन कायम गर्न सामाजिक अपराध, दुर्व्यसन तथा कु-संस्कार न्यूनीकरण गर्न प्रभावकारी कार्यदायरामा ल्याइनेछ ।

(ङ) वित्तय पहुँच एवम् श्रम तथा रोजगार

I. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुकालागि वजारको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्नेगरी कार्यक्रम तथा बजेट व्यवस्था गरिनेछ ।

II. प्रचलित ऐन नियम कार्यविधि अनुसार इजाजत प्राप्त गर्नुपर्ने उद्योग व्यवसायको दर्ता, दर्ता सिफारिसको प्रक्रिया कार्यलाई छिटो छरितो तवरबाट सम्पन्न गरि उद्योग तथा व्यवसायी मैत्री वातावरण निर्माण गरीनेछ ।

III. नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका सहकारी संस्था र यसमा आवद्ध पदाधिकारीहरुको क्षमता अभिवृद्धि हुने किसिमको कार्यक्रम तथा क्रियाकलापहरु संचालनमा ल्याइनेछ |

IV. नगर भित्र विक्री वितरण हुने उपभोग्य वस्तु तथा सेवाहरुको गुणस्तर अनुगमन गर्न बजार अनुगमन कार्यलाई अगाडि बढाईनेछ |

V. सहकारी आधारभूत व्यवस्थापन तथा लेखापालन तालिम संचालन कार्य गरिनेछ |

VI. बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि सुरक्षित आप्रवासन तथा बैदेशिक रोजगारीवाट फर्केका श्रमिकहरुको लागि यहि रोजगारीका अवशर प्रदान गर्नकालागि आवश्यक पहल गरीनेछ ।

VII. रोजगार प्रोफाई तयार गरी बैदेशिक रोजगार वोर्डसंगको सहकार्यमा आप्रवासनमा रहेका श्रमिक र स्वदेश फर्केका श्रमिकहरुको पुन:एकीकरण गर्न आवश्यक पहल गरिनेछ ।

VIII. सीप सिकौ रोजगार बनौ कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ | यस अभियानलाई क्रमशः कार्यान्वयनमा लैजान विभिन्न आधारभूत सीपमुलक कार्यक्रमहरु संचालन गरिनेछ |

IX. सडक संजाल निर्माण गर्दा उत्पादन र उत्पाकत्व वृद्धिका लागि उत्पादन र बजारीकरण लाई ध्यानमा राखी सडक संजालको विकास, विस्तार तथा स्तरोन्नति गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।

X. नगराइन, फुलगामा र खिरखिरीया बजारमा निजिक्षेत्र संगको सहकार्यमा ५ कुइन्टल क्षमता भएको चिसियान केन्द्र संचालनमा ल्याइनेछ । जस्ले गर्दा बजार समयमा विक्रिहुन नसकेका हरीयो तरकारीहरुको सुरक्षा प्रदान गरिनेछ ।

२. आर्थिक विकास सम्बन्धी नीति :

(क) कृषि, पशु तथा पर्यटन प्रवर्धन

I. पोषण जन्य हिउँदे र वर्षे तरकारी उत्पादनलाई प्रोत्साहन गर्नका लागि ठोस कार्यक्रम ल्याइनेछ ।

II. माटोको उर्वराशक्तिमा सुधार गर्न माटो जाँच शिविर संचालन गरिने तथा रासायनिक मलको प्रयोगलाई क्रमश: कम गर्दै प्राङ्गारिक मलको प्रयोगमा जोड दिइनेछ । यसका लागि गोठ एवम् भकारो सुधार कार्यक्रम लाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

III. डिप बोर्डिंग, स्यालो ट्युववेल जडान तथा विद्युतीय सिचाई कार्यक्रम संचालन गरी सिंचित क्षेत्र विस्तार गर्दै कृषि उत्पादनमा वृद्धि गर्न स्रोतको आवश्यक व्यवस्था मिलाइनेछ ।

IV. निर्वाहमुखि कृषि प्रणालीलाई व्यवसायीकरण गर्नका लागि उन्नत बिउ, बिजन, मल खादको व्यवस्था गर्ने नीति लिइनेछ ।

V. स्थानीय तह भित्र रहेका सार्वजनिक जग्गाहरुको एकीकृत तथ्यांक संकलन गरिनेछ ।

VI. कृषि योग्य जमिनको खण्डीकरणलाई निरुत्साहित गर्न सहकारीमा आधारित खेती प्रणालीलाई प्रश्रय दिइनेछ तथा कृषि योग्य जमिनमा सिँचाईको उचित प्रबन्ध गर्दै लगिनेछ। साथै सामुहिक खेती प्रवर्द्धन कार्यक्रमको लागि आवश्यक सम्भाव्यता अध्ययन गरिनेछ ।

VII. उत्पादित कृषि वस्तुको भण्डारणको लागि शितभण्डा र निर्माण गर्न एउटा चिस्यान केन्द्रको स्थापना गर्न DPR निर्माणको कार्य गरिनेछ र उक्त चिस्यान केन्द्र संचालनको लागि प्रदेश तथा संघ सरकार संग आवश्यक सहयोग माँग गरिनेछ ।

VIII. "कृषक सँग नगर प्रमुख" कार्यक्रम लाई निरन्तरता दिइनेछ। यसको प्रभावकारी कार्यान्वयनका लागि कार्यविधि निर्माण गरी कार्यक्रम मार्फत कृषकहरुका समस्याहरुलाई समाधान गर्ने अपेक्षा लिएकोछ ।

IX. कृषि पेशालाई व्यवसायीकरण बनाउन सिंचाईको लागि बोरिङ एवम् कृषि सडक सम्बन्धी कार्य सञ्चालन गरिनेछ तथा नेपाल विद्युत प्राधिकरणसंगको सहकार्यमा सबै वडाहरुमा क्रमशः कृषि विद्युतीकरण गरिदै लगिनेछ साथै यसका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।

X. गाई, भैंसी, बाखाको कृत्रिम गर्भधारन द्वारा नश्ल सुधार गर्ने कार्यलाई निरन्तरता दिइनेछ। व्यवसायिक गाई, भैंसी, बाखा, कुखुरा र मत्स्य पालन लगायत पशुपन्छी विकास सम्बन्धी तालिम संचालन गरिने तथा पशु स्वास्थ्य शिविर संचालन कार्यक्रम समेत गरिनेछ ।

XI. कृषिको विकास र समृद्धिको लागि कृषि गुरु योजना, कृषि पार्श्व चित्र, कृषि पकेट क्षेत्र अध्ययन लगायतका योजनालाई प्राथमिकतामा राखिनेछ ।

XII. कृषि विकास सम्बन्धी, खाद्य सुरक्षा पोषण कार्यक्रम तथा रोग तथा किरा नियन्त्रण योजनाहरुको सम्भाव्यता अध्ययन गरिनेछ ।

XIII. पशुपन्छी, मत्स्य पालन उत्पादनमा प्रयोग हुने मेसिनरी औजार उपकरण अनुदानमा वितरण कार्यलाई तथा पशुपन्छीको उपचार कक्ष तथा ट्रेविज निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।

XIV. तरकारी तथा पुष्प खेती कार्यक्रमलाई नगरको प्रमुख उत्पादनको रुपमा विकास गर्दै लगिनेछ ।

## ३. पूर्वाधार विकास सम्बन्धी:

I. नगराईन नगरपालिकाको नयाँ निर्माण हुने प्रमूख प्रशासकीय भवन आ.व. २०७९/०८० भित्र शिलान्यास गरी भवन निर्माण कार्य अगाडि बढाइनेछ ।

II. पूर्वाधार विकास निर्माण सम्बन्धी आवश्यक कानून बनाई सडक मापदण्ड तोकी कडाईका साथ कार्यान्वयन गरिनेछ। यसका लागि नगर सडक गुरुयोजना (MTMP) बमोजिम पूर्वाधार निर्माण कार्य गरिनेछ ।

III. भौतिक पूर्वाधारहरु निर्माण गर्दा तोकिएको मापदण्ड कायम गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

CamScanner

IV. उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण गरिने भौतिक पूर्वाधारहरुको निर्माण कार्यमा अनावश्यक ढिला सुस्ती गर्ने, गुणस्तरहीन काम गर्ने उपभोक्ता समिति र निर्माण व्यवसायी लाई दण्डित गरिने, कालो सुचीमा राखिने, भविष्यमा कुनै यस्तो कार्य गर्न अयोग्य ठहराउन सक्ने जमानत जफत गर्ने जस्ता कार्यहरु मार्फत नियमन गरिनेछ ।

V. नगरपालिका क्षेत्र भित्र निर्माण वा विकास गरिने भौतिक पूर्वाधारहरु महिला तथा बालवालिकामैत्री, जेष्ठ नागरिक मैत्री, भिन्न शारीरिक क्षमता भएका व्यक्तिहरुका लागि मैत्री तथा वातावरण मैत्री बनाइनेछ।

VI. ठूला, मझौला, साना तथा नगर स्तरिय विकासका पूर्वधारहरुका लागि संघ प्रदेश स्तरको बजेटमा समावेश गरी भौतिक पूर्वाधार विकास तथा निर्माण गर्न आवश्यक समन्वय र अग्रसरता लिइनेछ।

VII. हरित नगरको कार्यक्रम ल्याएर सार्वजनिक स्थलमा वृक्षारोपण गर्दै नगर हरियाली कायम गराउन वृक्षारोपण कार्यमा नगरवासीहरु लाई प्रोत्साहन गरिनेछ।

VIII. सुरक्षाको लागि बाटोको सिमाङ्कन भित्र कुनै पनि बाटो अवरोध हुनेगरी पशुजन्य वस्तु तथा अन्य गतिविधि बन्द गर्न सार्वजनिक सूचना सम्प्रेषण गर्दै कडाईका साथ कार्यान्वयन गरिनेछ।

IX. नगर क्षेत्र भित्रको मूख्य बजारहरुमा कृषि तथा नमुना बजारहरुको विकास गरी व्यवस्थित सहरीकरण गर्दै लगिनेछ यस्कालागि प्रथम चरणमा नगराईन, फुलगामा र खिरखिरीयामा रहेका कृषि वजारहरु लाई प्राथमिक्तामा राखिनेछ ।

X. नगरपालिका द्वारा निर्मित विभिन्न सार्वजनिक सम्पत्तिहरुको आवश्यक्तानुसार मर्मत सम्भार गरि चालु अवस्थामा ल्याई अधिकतम उपयोगिता हासिल गरिनेछ ।

XI. पूर्वाधार सम्बन्धि आयोजनाहरुको गुणस्तर वृद्धिको लागि नगरका प्राविधिक जनशक्तिहरुको क्षमता विकास गरिनेछ।

XII. नगरमा संचालन हुने आयोजनाहरुको व्यवस्थित अभिलेख राख्न disital monitoring system तयार गरी प्रगोगमा ल्याइनेछ।

XIII. सडक तथा पूर्वाधारहरुको निर्माण, विस्तार तथा मर्मत हुँदै जाने तथ्यलाई ध्यानमा राखी यसै आर्थिक वर्षवाट नगरपालिका क्षेत्रमा आर.सि.सि. कल्भर्ट तथा अन्य पूर्वाधार निर्माण कार्यको लागि आवश्यक DPR तथा संभाव्यता अध्ययन कार्यलाई निरन्तरता दिइनेछ।

XIV. नगरको सार्वजनिक निर्माण कार्यको लागि सम्भाव्यता अध्ययन, गुरु योजना अध्ययन, सर्भे ड्रइंग डिजाइन ,DPR प्रतिवेदन तयार र विज्ञ परामर्शदाता मार्फत DPR को रिभ्यू आदि कार्यलाई निरन्तरता दिइनेछ।

XV. नगरको पूर्वाधार लगायतका कार्यहरुलाई व्यवस्थित तवरले अगाडि बढाउन एकिकृत सहरी विकास योजना, सडक यातायात गुरु योजना, भू-उपयोग योजना लगायतलाई प्राथमिकतामा राखी कार्य अगाडि बढाइनेछ ।

XVI. नगरका योजना तथा कार्यक्रमहरु अन्तर्गत जटही नाका र गंगुलि जलाद नदि निर शहिद गेट निर्माण तथा नगरमा टावर लाईट जडान जस्ता योजनाहरुलाई क्रमागत योजनामा राखी कार्य सम्पन्न गरिनेछ ।

XVII. नगरको विकास योजनाको लागि संघ, प्रदेश सरकार लगायतका निकायहरु समक्ष सशर्त, समपुरक, विशेष अनुदान लगायतको शिर्षकमा योजना कार्यक्रम माग गर्दा आवश्यक DPR कागजात विवरण सहित स्रोत साधन माग गर्नु पर्ने भएकोले आवश्यकता अनुसार विज्ञ/परामर्शकर्ताबाट DPR निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

विजय कुमार यादव
नगर प्रमुख

CamScanner

XVIII. पैदल यात्रीहरु र यातायातका साधनहरु निर्बाधरुपमा सजिलै यात्रा गर्न सक्ने उद्देश्यले पार्किग व्यवस्थित गर्न जग्गा भाडा मा लिई पार्किंगको व्यवस्था मिलाईनेछ ।

XIX. विभिन्न सभा सम्मेलन संचालन गर्न र सम्मेलन पर्यटनलाई आकर्षण गर्न नगर City Hall तथा सामुदायिक भवन निर्माण कार्यलाई अघि बढाउन आवश्यक पहल गरिनेछ ।

XX. मर्मत सम्भार कोषमा संकलित रकमबाट नगर कार्यपालिकाको निर्णय बाट पुर्वनिर्मित संरचनाहरुको मर्मत सम्भार गरि थप क्षति हुनबाट जोगाईनेछ ।

XXI. निजि क्षेत्र तथा टोल विकास समितिको सहकार्यमा विद्युत सडक बत्ती तथा सौर्य सडक बत्ती व्यवस्थापन गरिनेछ।

XXII. स-साना लगानी आवश्यक पर्ने कल्भर्ट निर्माण वा मर्मत सम्भार, सडक ग्राभेल, सामुदायिक भवन, सिचाई, कृषि, वृक्षारोपण, विद्युतीकरण आदि कार्यक्रममा समुदाय वा उपभोक्ता सँग साझेदारी गरी नागरिक अपनत्व सहितको विकास अगाडि बढाउने नीति अबलम्बन गरिनेछ। भौतिक पूर्वाधार निर्माणका कामहरु लाई गुणस्तरयुक्त र दिगो बनाउनको लागि निर्माण सामग्रीहरुको गुणस्तर मापन गर्ने विषय लाई सुनिश्चित गरिनेछ ।

XXIII. हाल सम्म नगरक्षेत्रमा विद्युत सेवा बाट बन्चित भएका नगरवासीहरु लाई विद्युत सेवा उपलब्ध गराई नगरलाई अन्धकार मुक्त बनाउन वैकल्पिक उर्जा कार्यक्रम समेत संञ्चालन गरिनेछ । यसलाई सम्वोधन गर्नका लागि "नगर प्रमुख उज्यालो नगराईन कार्यक्रम" लाई निरन्तरता दिइनेछ र यो कार्यक्रम कार्यान्वयनका लागि छुट्टै कार्यविधि जारी गरिनेछ ।

XXIV. पूर्वाधार विकासका निमित सामाजिक, आर्थिक, भौगोलिक तथा वातावरणको असरको सम्बन्धमा अध्ययन गर्न प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव परिक्षण लाई अवस्था अनुसार अनिवार्य गराइनेछ ।

XXV. भौतिक विकास निर्माणका क्रममा हुने विलम्ब तथा ढिला सुस्ती र व्यवधानहरु लाई हटाउने कार्यमा पूर्वाधार विकास समिति र नगर स्तरीय अनुगमन समिति मार्फत सहजीकरण गरी त्यसको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

XXVI. तोकिएको लागत सहभागिता र जनसहभागितामा सहभागी नहुने, विकास निर्माणमा असहयोग गर्ने उपभोक्ताहरु लाई नगरपालिका बाट प्रदान गरिने अत्यावश्यक सेवा सुविधाहरु बाहेक अन्य सेवा सुविधामा रोक लगाईने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

XXVII. वडा/नगर स्तरीय योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपले संचालन प्रक्रियामा लैजान योजना तथा कार्यक्रमहरुको लागत इस्टिमेट लगायतका प्राविधिक कार्यहरु समय मै सम्पन्न गर्न हालको उपलब्ध जनशक्तिले सम्भव नभएमा आवश्यकता अनुसार प्राविधिक कर्मचारीहरुलाई करारमा लिई कार्य गरिनेछ।

XXVIII. नगराईन नगरपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयहरुको भवन निर्माण सम्बन्धी कार्यका लागि स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम तथा अन्य योजना कार्यक्रम संचालन गर्ने निकाय समक्ष समपुरक कोषमा रकमको उचित व्यवस्था गरी स्रोत साधन माग गरिनेछ।

XXIX. नगरको गौरवको रुपमा रहेको पवित्र अकौरा ठाकुर पोखरीको प्रथम चरणमा सौन्दर्यीकरण गर्ने कार्य गरिनेछ साथै क्रमश नगरका अन्य एतिहासीक पोखरीहरुमा महन्था पोखरी, अलोरा पोखरी, घवहा

विजय कुमार यादव
नगर प्रमुख

CamScanner

पोखरी, करुणा पोखरी, ठँडी पोखरी र बज्वा पोखरी आदीको पनि शौन्दरीकरण गरिने कार्य अगाडि वढाइनेछ ।

४. वन वातावरण तथा विपद् व्यवस्थापनसँग सम्बन्धित नीतिहरु

I. नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्व साधारणको जीउ ज्यान र सार्वजनिक, निजि तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवम् संस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

II. "क्लिन नगराईन, ग्रीन नगराईन" भन्ने मूल नारालाई आत्मसात गर्दै "एक घर दुई विरुवा", "बाटोको दायाँ बायाँ वृक्षा रोपण" जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

III. नगराईन नगरपालिकाको शहरी क्षेत्रमा रहेका चौक, चौबाटो र बाटोको विचमा रहेको क्षेत्रलाई हरित क्षेत्रकोरुपमा विकास गरि सुन्दर नगराईन बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

IV. भौतिक संरचनाहरुको निर्माण गर्दा प्राकृतिक पानीको वहावलाई असर नपर्नेगरि निर्माण गर्ने नीति लिईनेछ ।

V. **"घरभित्रको फोहर घरमा नै"** भन्ने नीतिलाई कार्यन्वयनमा ल्याउन श्रोतमा नै फोहरको वर्गीकरण, न्यूनीकरण र व्यवस्थापन गर्न विभिन्न कार्यक्रमहरु संचालन गरी **"मेरो फोहोर, मेरो जिम्मेवारी"** भन्ने भावना हरेक नगरवासीमा जागृत गराउँदै फोहोर मैला व्यवस्थापन कार्यलाई मर्यादित बनाउंदै लगिनेछ।

VI. विपद जोखिम न्यूनीकरण र विपद् जोखिम व्यवस्थापनका लागि विशेष कार्यक्रमहरु कार्यन्वयनमा ल्याइनेछ ।

VII. विपद्बाट हुन सक्ने क्षतिको तत्काल उद्दार, राहत र पूनर्स्थापनका लागि आवश्यक जनशक्ति सामाग्री र श्रोतको पहिचान गरि प्राकृतिक प्रकोप एवम् विपद्व व्यवस्थापन सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

VIII. विपद्को समयमा आईपर्ने समस्या समाधानको लागि नगरपालिकाले आवश्यक बन्दोवस्तीका सामानको व्यवस्था गर्नेछ साथै स्वास्थ्य चौकी तथा स्वास्थ्य क्लिनिकहरुमा आपतकालिन स्वास्थ्य सेवाका लागि औषधी उपचारको व्यवस्था मिलाइनेछ ।

IX. सम्भावित विपद्हरुको सामान्यीकरण, न्यूनिकरण एवम् व्यवस्थापनको लागि विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना बनाइनेछ। साथै सरोकारवाला निकायहरुको एकिकृत प्रयास र श्रोत साधनहरुको परिचालन गरेर धनजनको क्षतिहुन नदिई विपद् व्यवस्थापन कार्य गरिनेछ।

X. विपद्को समयमा आईपर्ने समस्या समाधानको लागि नगरपालिकाले आवश्यक बन्दोवस्तीका सामानको व्यवस्था गर्नेछ साथै स्वास्थ्य चौकी तथा स्वास्थ्य क्लिनिकहरुमा आपतकालिन स्वास्थ्य सेवाका लागि औषधी उपचारको व्यवस्था मिलाइनेछ।

XI. नगरवासीहरु लाई गोबरग्यास, सुंधारिएको चुलो जस्ता स्वच्छ उर्जाका प्रविधिहरु पुरयाई धुँवामुक्त नगर बनाउन वैकल्पिक उर्जाका विशेष कार्यक्रम संचालनमा जोड दिइनेछ।

XII. नगरको पूर्ण सरसफाई अभियानको लागि **"स्वच्छ र सफा नगर, हाम्रो अभियान"** अन्तर्गत खानेपानी, वातावरणीय सरसफाई तथा स्वच्छताका लागि नगरस्तरीय गुरु योजना निर्माण गरिनेछ।

बिनय कुमार यादव
नगर प्रमुख

CamScanner

XIII. पूर्ण सरसफाई प्रवर्द्धनमा वडाटोल विकास संस्थाहरु र स्थानीय समुदायको सहभागिता वृद्धि गरी पूर्ण सरसफाई लाई जीवन संस्कारको रुपमा विकास गर्नको लागि सरसफाई नमुना टोल निर्माणमा जोड दिइनेछ।

XIV. नगराईन नगरपालिका क्षेत्र अन्तर्गत वडा नं. ५ गंगुली देखि वडा नं. २ नेपालको सिमाना सम्म ६ लेन सडक डिभाईडरमा वृक्षारोपण तथा सडक सरसफाई गरी सौन्दर्यीकरण गरिनेछ यस कार्यको लागि संम्वन्धीत संघीय निकायसंग सहकार्य गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास

I. सूचना प्रवाहलाई व्यवस्थित गर्न सामाजिक सन्जाल, वेबसाइट लगायत विद्युतीय माध्यमको प्रयोग गरिनेछ।

II. नगरपालिकामा एक छुट्टै सूचना अधिकारी र प्रत्येक वडामा सम्बन्धित वडा अध्यक्ष मार्फत नगरवासीहरु लाई सूचना अधिकारीको हैसियतमा सूचना प्रदान गर्ने कार्य भइ रहेकोमा सोलाई यस आ.व. मा समेत निरन्तरता दिईनेछ।

III. नगरपालिकाको सूचना र गतिविधीहरु नगरपालिकाको आफ्नै वेबसाइट www.nagrainmun.gov.np तथा नगरपालिकाको आफ्नै Android App Nagrain Municipality (नगराईन नगरपालिका) मार्फत अध्यावधिक गरिदै लगिने कार्यलाई निरन्तरता दिइनेछ।

IV. नगरपालिकाले सम्पादन गर्ने गतिविधिहरुको आवधिकरुपमा संचारका विभिन्न माध्यमहरु द्वारा प्रशारण गरिने व्यवस्थामि लाइनेछ ।

V. स्थानीय अभिलेख व्यवस्थापनका लागि नीति, कानुन मापदण्ड, योजना, बनाई त्यस लाई कार्यान्वियन र नियमन गरिनेछ।

VI. न्यायिक समितिबाट भएको निर्णय व्यवस्थित र सुरक्षित रुपमा अभिलेख राख्ने व्यवस्था तथा न्यायिक अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको प्रयोग गर्दै लगिनेछ ।

VII. भवन तथा अन्य पूर्वाधार निर्माण गर्दा आउन सक्ने संभावित दुर्घटनालाई मध्य नजरगरी निर्माणकर्ता र निर्माण श्रमिकहरुको बीचमा करार गरी बिमा गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

VIII. नगरको भवन निर्माण आचार संहिता (Building by Laws) तर्जुमा गरिएको र सो Building by Laws बमोजिम नगरका भवन निर्माण कार्य गर्नु पर्ने प्रावधान लाई कार्यान्वयन गरिनेछ।

IX. "कर बाध्यताले होइन, नगर निर्माणका लागि हो" भने आम करदातालाई महशुस हुनेगरि सेवा प्रवाह गरिनेछ । करको दायरामा करदातालाई ल्याउन अभियान संचालन गरिनेछ ।

X. उपभोक्ता समिति मार्फत काम कारवाही गर्दा यस नगरपालिकालाई नियमानुसारको कर दस्तुर असुल उपर गरे पश्चात मात्र नगरपालिका, वडा कार्यालयबाट सेवा प्रवाह गरिने तथा सो समितिमा रहने पदाधिकारीहरुको कर दाखिला प्रमाणहरु पेश भए पश्चात मात्र समितिले गर्ने काम कारबाही अघि बढाइनेछ।

XI. वडा तथा नगरपालिका बाट राजश्व आयको लेखा हाते रसिदको आधारमा भई रहेकोमा नगरपालिकाको सर्भरसंग आवद्ध गरी राजश्व आय लेखा प्रणाली पूर्ण रुपमा कम्प्युटराइज्ड गरिनेछ।

विजय कुमार यादव
नगर प्रमुख

CamScanner

XII. कम्प्युटरकृत राजश्व आम्दानीको लेखा र श्रेस्ता नगरपालिकाको कार्यालयमा मात्र भएकोमा आ.व.२०७९/०८० देखि सम्पूर्ण वडामा कम्प्युटरकृत राजश्व आम्दानी लेखा प्रणाली लागु गरिनेछ।

XIII. आन्तरिक आय स्रोतलाई बढावा दिने नीति अवलम्बन गरिनेछ।

XIV. नगराईन नगरपालिका क्षेत्र भित्र महिला हिंसा विरुद्ध न्यायिक समिति मार्फत न्यूनीकरण गरिनेछ।

XV. न्यायिक समितिको व्यवस्थापनको लागि नगरपालिकाले छुट्टै इजलास, उजुरी प्रशासन र कानुनी सल्लाहकारको व्यवस्था गरी न्याय सम्पादन कार्यलाई थप प्रभावकारी बनाईनेछ।

XVI. न्यायिक समितिले मुद्दा तथा विवादको सुनुवाईको क्रममा आवश्यकतानुसार सम्बन्धित विज्ञ र सरोकारवालाहरुको सहायता लिने व्यवस्था गरीनेछ।

XVII. नगरपालिकाबाट प्रवाह हुने सेवाहरु लाई प्रभावकारी बनाउनका निमित्त जनप्रतिनिधि तथा कर्मचारीहरु लाई क्षमता विकास तथा नेतृत्व विकास तालिम प्रदान गरिनेछ साथै उत्कृष्ट सेवा प्रदान गर्ने वडालाई पुरस्कृत समेत गरिनेछ।

XVIII. नगरपालिकाबाट प्रदान हुने सेवाहरुलाई पारदर्शी जवाफदेही, नियमित, मितव्ययी बनाईनेछ। यसका लागि सार्वजनिक लेखा परीक्षण गरी खर्च सार्वजनिकीकरण जस्ता विधि अपनाइनेछ।

XIX. सार्वजनिक खरिद लाई थप व्यवस्थित र पारदर्शी बनाउन खरिद तथा निर्माण कार्य E-bidding प्रणाली मार्फत गरिने कार्य लाई निरन्तरता दिइनेछ।

XX. नगरपालिकामा सेवाग्राहीहरुको कामकारवाहीमा छिटो, छरितो तवरले सेवा प्रवाह गर्न दर्ता तथा चलानी कार्य कम्प्युटराइज्ड प्रक्रिया बाट संचालन गरिनेछ।

XXI. नगरपालिकाबाट प्रवाह हुने सेवा लाई प्रभावकारीरुपमा संचालन गर्नका निमित्त आवश्यक शिक्षा, स्वास्थ्य, फोहरमैला व्यवस्थापन, कृषि सिंचाइ, सहरी विकास, नगर प्रहरी, सरसफाइ तथा अन्य नयाँ कानुन तथा परिमार्जन गर्नु पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु विज्ञ तथा परामर्शदाताहरु संग परामर्श लिई तर्जुमा गरी लागु गरिनेछ।

XXII. खरिद व्यवस्थापन अभिमुखिकरण तथा कर्मचारी क्षमता विकास कार्यक्रमलाई अगाडि बढाइ मानव स्रोत साधनको क्षमता अभिवृद्धि गरिनेछ।

XXIII. नगरपालिका समक्ष विभिन्न कार्यक्रम तथा योजना माग गरी योजना प्रक्रिया बाट वडा तथा नगरमा आएका सिलिङ बाहिर रहेका योजनाहरुलाई DPR तयार भई सकेको भए सोही बमोजिम प्रदेश तथा संघिय सरकारमा श्रोत माग गरिनेछ। नगरपालिकाले ***Demand Base*** प्रकृयागत चरण बाट आएका योजनाहरुको लागि मात्र रकम विनियोजन गर्न सकिने नीति अख्तियार गरिनेछ।

XXIV. यस आ.व. २०७९/०८० देखि ९ वटै वडा कार्यालयबाट संकलन हुने राजस्व लाई Intranet Computer System बाट नगरपालिकाको केन्द्रित प्रणालीमा आवध गराउने कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ।

XXV. नगर कार्यपालिकाका लागि प्रवक्ता तोकिने छ एवंम नगर कार्यपालिकाको कार्यालयमा एक सूचना अधिकारी र प्रत्येक वडामा सम्बन्धित वडा अध्यक्ष मार्फत नगरवासीहरु लाई अधिकारीकरुपमा सूचना प्रदान गर्ने कार्यको थालनी गरिनेछ।

XXVI. कर्मचारीहरुको कार्य विवरण बनाई कार्य सम्पादन र मुल्यांकनका आधारमा प्रोत्साहन एवंम दण्डीत गर्ने नीति अवलम्बन गरिनेछ।

XXVII. नगर कार्यपालिकाको कार्यालय तथा वडाबाट प्रदान गरिने सेवा प्रवाहमा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, असक्त, बालबालिका र महिलाहरुलाई पहिलो प्राथमिकतामा राखिनेछ।

XXVIII. बेरुजु व्यवस्थापन, आन्तरिक व्यवस्थापन नियन्त्रण प्रणाली, कर्मचारीको कार्य विवरण तथा संगठन तथा व्यवस्थापन सर्भे कार्यलाई प्राथमिकता दिईनेछ ।

XXIX. बेरुजुको आकार क्रमशः बढ्दै गइरहेको सन्दर्भमा आर्थिक सुशासन कायम गर्न बेरुजु असुल उपर तथा बक्यौता फछ्यौट कार्य प्राथमिकता साथ गरिनेछ।

XXX. "गरौ मिलाप-नगरौ विलाप" अभियान कार्यान्वयन गर्न नगरपालिकास्तरमा मेलमिलाप केन्द्र गठन गरी मेलमिलापकर्ताका आधारभूत तालिम लिई सुचिकृत भएका स्थानीय मेलमिलापकर्तालाई लक्षित गरी पुनर्ताजगी तालिम कार्यक्रमको आयोजना गर्दै न्यायिक समितिलाई थप संस्थागत गरिनेछ ।

XXXI. नगरपालिका क्षेत्रभित्र क्रियाशील गैसरकारी संघ/संस्थाहरुको वार्षिक योजना, कार्यक्रम तथा बजेट नगरपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ । नगरपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश नगराई कार्यक्रम संचालन गराउन खोज्ने गैरसरकारी संघ/संस्थाहरुको कार्यक्रम संचालनमा रोक लगाउन सकिने गरीको व्यवस्था अख्तियार गरिनेछ ।

XXXII. वित्तीय सुशासन कायम गर्न महालेखा परीक्षकको कार्यालयबाट भएको आर्थिक वर्ष २०७७/०७८ सालको लेखा परीक्षण प्रतिवेदनले औंल्याएको नियमित गर्नु पर्ने, असुल उपर गर्नु पर्ने, प्रमाण कागजात पेश गर्नु पर्ने लगायतका बेरुजु फछ्यौंट गर्न सम्वद्ध पक्षलाई सुचित गरिने र तोकिएको समयावधिमा बेरुजु फछ्यौंट नगर्नेको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ । यसका लागि बेरुजु सफ्टवेयरमा बेरुजुको विवरण अद्यावधिक गरी राखिने व्यवस्था गरिएको छ ।

अन्त्यमा नगरको विकासको लागि संघीय सरकार, प्रदेश सरकार बाट प्राप्त अनुदान, मार्गदर्शन र सुझाव प्रति आभार व्यक्त गर्दछु। साथै नगरको विकास र समृद्धिमा निरन्तर सहयोग र बजेट निर्माण एवम् तर्जुमा गर्ने क्रममा साथ सहयोग र सहकार्यका साथै सकारात्मक सुझाव प्रदान गर्नुहुने जनप्रतिनिधिहरु, राजनैतिकदल, आमनागरिक, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु तथा राष्ट्रसेवक कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दै बजेट, नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सहयोगको अपेक्षा साथ हार्दिक अनुरोध गर्दछु।

धन्यवाद

राधा देवी यादव

उप-प्रमुख

नगराईन नगरपालिका

मिति : २०७९ माघ १८

बार्षिक आय-व्यय विवरण -

| क्र.स. | शिर्षक विवरण | रकम | क्र.स. | शिर्षक विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | संघिय सरकार वितिय समानीकरण अनुदान | १३०९००००० | १ | संघीयसरकार सशर्त अनुदान | १७२८००००० |
| २ | संघीयसरकार सशर्त अनुदान | १७२८००००० | २ | संघीयसरकार सम्पुरक अनुदान | २१०००००० |

विजय कुमार साह
नगर प्रमुख